# राजस्व न्यायाधिकरण काठमाडौं
## इजलास
## माननीय अध्यक्ष श्री किशोर सिलवाल
## राजस्व सदस्य श्री जीवन कुमार घिमिरे
## लेखा सदस्य श्री डम्बर बहादुर कार्की
## फैसला

२०७५।०७६ सालको निर्णय नं. १४३

पुनरावेदन नं. ९७-०७४-RB-०२०८

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६४/०६५) ।**

भक्तपुर जि. भक्तपुर औद्योगिक क्षेत्र व्यासिटोल स्थित बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. (स्थायी लेखा नं. ३०००४४९७१) को तर्फबाट ऐ का अधिकार प्राप्त कन्ट्री मेनेजर सैवाल घोष..........................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, ललितपुर................................................................... १ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ताद्धय श्री मन्जु बुढाथोकी
श्री सुरज श्रेष्ठ

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री नगेन्द्र लम्साल

अविलम्वित नजीरः ×

## शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री आनन्दराज ढकाल

शुरु कर्यालयको निर्णय मितिः-२०६९/०१/१२

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवनबाट मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर एवं ब्याज समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय दिनु पर्नेमा नदिएको भनी राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन परी सुनुवाइका लागि आज यस इजलास समक्ष पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. रंगरोगन सामाग्री उत्पादन विक्री कारोबार गर्ने बर्जर जोन्सन एण्ड निकोल्शन (नेपाल) प्रा.लि. को कर लेखा परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(१) बमोजिम कर, जरिवाना, थप दस्तुर तथा व्याज समेत जम्मा रू. ५४,०३,७७८।- को प्रारम्भिक कर निर्धारण गर्ने गरी आदेश भएको हुँदा सो आदेशानुसारको रकम दाखिला गर्न नपर्ने कुनै ठोस सबुत प्रमाण भए १५ दिनभित्र जवाफ पेश गर्न विपक्षीलाई सूचना दिन र नभए रकम दाखिला गर्ने भनी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०६८/१२/१२ मा जारी भएको आदेश ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०६८/१२/१२ मा जारी भएको सूचना करदाताले मिति २०६८/१२/१३ मा सूचना बुझी लिएको ।

३. करदाताले मिति २०६८/१२/१३ मा बुझी लिएको सूचनाको जवाफ मिति २०६८/१२/२७ मा पेश गरेको ।

४. प्रारम्भिक कर निर्धारण आदेश बमोजिमकै कर रु. २६,०४,७११।- जरिवाना रु. ६,५१,१७७।- तथा मू.अ.कर ऐन २०५२ बमोजिम लाग्ने व्याज र थप दस्तुर

समेतको मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०६९/०१/१२ मा खडा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवनले मिति २०६९/१/१२ मा जारी गरेको आ.व. २०६४/०६५ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी बर्जर जोन्सन एण्ड निकोल्शन (नेपाल) प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०६९/०३/१२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. विपक्षी कार्यालयबाट मिति २०६९।१।१३ मा जारी गर्नु भएको अन्तिम कर निर्धारण आदेश एवं मिति २०६९।१।१२ मा खडा गर्नु भएको निर्णय पर्चा मूल्य अभिवृद्धि कर ऐन, नियमको मर्म र मनशाय विपरत हुँदा बदर गरी पाउँ । साथै, यस सम्बन्धमा विभागबाट पुनरावेदकको हित प्रतिकूल हुने गरी कुनै निर्णय वा काम कारवाही भए गरेको रहेछ भने सो समेत यसै पुनरावेदन पत्रको आधारमा बदर गरी न्याय पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०७५/३/११ मा पुनरावेदन पत्र दर्ता भएको ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०७/१३ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी इजलाश समक्ष पेश हुन आएको प्रसतुत पुनरावेदन पत्र सहितको मिसिल संलग्न कागजातको अध्ययन गरी पुनरावेदक करदाताको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ताद्धय श्री मन्जु बुढाथोकी र सुरज श्रेष्ठतथा प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका शाखा अधिकृत श्री नगेन्द्र लम्सालले गर्नु भएको बहस समेत सुनियो ।

९. यसमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०६९।१।१२ मा भएको निर्णय मिलेको छ वा छैन ? पुनरावेदक करदाताको पुनरावेदन जिकिर बमोजिम हुने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१०. निर्णय तर्फ विचार गर्दा, यसमा पुनरावेदक बर्जर जोन्सन एण्ड निकाल्स नेपाल प्रा.लि. को आ.व. २०६४।०६५ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०६९।१।१२ मा भएको कर निर्धारण आदेशमा चित्त नबुझाई प्रशासकिय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क(४) बमोजिम ६० दिनभित्रमा निर्णय दिनु पर्नेमा नदिएको र जानकारी माग गर्दा समेत जानकारी उपलब्ध गराई नदिएको भनी यस न्यायाधिकरणमा मिति २०६५।३।११ मा पुनरावेदन दर्ता गरेको र सोही विषयमा पुनरावेदक करदाताको सम्बन्धमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०६९।१।१२ मा भएको मूल्य अभिवृद्धि कर निर्धारण आदेशका सम्बन्धमा पुनरावेदकको हकमा आन्तरिक राजस्व विभागबाट मिति २०७५।२।३१ मा भएको निर्णयमा चित्त बुझेन भनी पुनरावेदकले यस न्यायाधिकरणमा २०७५।५।२० मा ०७५ - RB-००५६ दोहोरो पुनरावेदन दर्ता भई आज यसै इजलासबाट प्रस्तुत मुद्दाको लगाउमा रहेको ०७५ - RB-००५६ को मुद्दामा केही उल्टी हुने ठहरी फैसला समेत भैसकेको परिप्रेक्षमा प्रस्तुत पुनरावेदकको हकमा तथ्यमा प्रवेश गरिरहनु पर्ने नदेखिंदा प्रस्तुत पुनरावेदन कायम रहन सक्ने अवस्था देखिन आएन ।

११. अतः यसमा स्थायी लेखा नं. ३०००४४९७१ भएका पुनरावेदक करदाता बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. को आ.व. २०६४/०६५ को प्रत्यर्थी ठूला करदाता कार्यालयले मिति २०६९।१।१२ मा मूल्य अभिवृद्धि कर निर्धारण गर्न भएको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकिय पुनरावलोकनको निवेदन दर्ता गराएको मितिले साठ्ठी (६०) दिन भित्र निर्णय नदिएको भनी पुनरावेदन गरेको र सोही विषयमा आन्तरिक राजस्व विभागको २०७५।२।३१ मा गरेको निर्णय चित्त नबुझेको भनी मिति २०७५।५।२० मा दर्ता नं. ०७५ - RB-००५६ को पुनरावेदन पत्र दोहोरो रूपमा दर्ता गरेको देखिंदा प्रस्तुत पुनरावेदन पत्र खारेज हुने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नु ।

## तपसिल

१२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु ।

१३. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री लेख बहादुर कोइराला

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

फाँट

इतिसम्बत २०७६ साल जेठ २८ गतेरोज ३ शुभम......